नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४ — नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय, सामान्य सेवा विभाग

**नेपाल बैंक लिमिटेड, प्र.का. केन्द्रीय लेखा विभागको भुक्तानी फाँटमा फाइल क्याबिनेट बनाउन सिभिल कार्यका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकशित मिति २०७९/०१/०५)**

नेपाल बैंक लिमिटेड, प्र.का. केन्द्रीय लेखा विभागको भुक्तानी फाँटमा फाइल क्याबिनेट बनाउन सिभिल कार्यका लागि सिभिल परिमाणको विवरण (BOQ) बमोजिम कार्य गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरु यो सूचना प्रकाशित भएको मितिले **१५ दिन** भित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । उक्त दरभाउपत्र फारम खरिद गर्न यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००0१ मा रु.१,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी प्रधान कार्यालय सामान्य सेवा विभागबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्बन्धि शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभागमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**<u>तपसिल</u>**

१) दरभाउपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परिमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित रकम वरावर धरौटी वापत नेपाल बैंक लिमिटेड, काठमाण्डौ बैंकिङ अफिसको NBL BID Deposit Account ००२००१०६७११२८००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा **७५ दिन** म्याद भएका अन्य बाणिज्य बैंक वा वित्तिय संस्था बाट जारी भएको विड बण्ड ग्यारेन्टी दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र बुझाउने अन्तिम मितिले ४५ दिनको हुनेछ

२) दरभाउपत्रदाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, आर्थिक बर्ष २०७७/७८ को आन्तरिक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपि पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलव्ध गराएको दरभाउपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्वीकृतिमा मात्र प्रयोग गर्नु पर्ने छ ।

५) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।
दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७९/०१/१९ गते सोमबार कार्यालय समय भित्र ।
दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७९/०१/२० गते मंगलबार बिहान ११:०० बजे भित्र ।
दरभाउपत्र दाखिला गर्ने स्थान :- यस बैंकको प्र.का. सामान्य सेवा विभागमा दरभाउपत्र दाखिला गर्नु पर्नेछ ।

६) थप विवरण :-

| सि.नं. | शाखा/ दरभाउपत्र नं. | सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | दरभाउपत्र धरौटी वापत रकम | दरभाउपत्र फाराम प्राप्त गर्ने स्थान | दरभाउपत्र दाखिला गर्ने स्थान | दरभाउपत्र खोल्ने स्थान, मिति र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग गरी भ्याट सहित कूल जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| **१.** | **प्र.का. केन्द्रीय लेखा विभागको भुक्तानी फाँटमा फाइल क्याबिनेट निर्माण** NBL/SQ19/W078/79 | २१ दिन | रु.४०,०००।०० (अक्षरेपी चालिस हजार मात्र) | प्र.का. सामान्य सेवा विभाग । | प्र.का. सामान्य सेवा विभाग । | प्र.का.सामान्यसेवा विभाग २०७९/०१/२० गते मंगलबार दिउसो १२:०० बजे | १४,६०,६३८।०० **(अक्षरेपी चौध लाख साठी हजार छ सय अड्तीस मात्र ।)** |

**नोट : दरभाउपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट दरभाउपत्र खोलिनेछ । यो सुचना यस बैंकको website:- www.nepalbank.com.np मा समेत हेर्न सकिने छ ।**